# लालबन्दी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## लालबन्दी, सर्लाही
## प्रदेश नं. २, नेपाल

### आर्थिक बर्ष ०७६/०७७ को लागी लखन्देही र फुलजोर खोलाको नदीजन्य पदार्थको उत्खनन्, घाटगद्दी तथा बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आब्हान सम्बन्धि सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०७६/०७/१५**

लालबन्दी नगरपालिकाको मिति २०७६/०७/०८ गतेको निर्णय बमोजिम, स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३ को घ(६) को व्यवस्था, प्रदेश नं. २ को आर्थिक ऐन, २०७६ को दफा १४, प्रदेश नं. २, आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं. २, मिति २०७६/०४/०१ को परिपत्र, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको प.स. ०७५/७६, च.नं.-७३, मिति २०७५/५/१७ को पत्रानुसार निर्धारित प्रक्रिया मार्फत यस लालबन्दी नगरपालिका अन्तर्गत पर्ने लखन्देही र फुलजोर खोलाको तपशिलमा उल्लेखित नाकाहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ निकाली लालबन्दी नगरपालिकाले तोकेको दररेटमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म ईजाजत पत्र नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष २०७५/७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरू, कारवाहीको वा कालोसूचीमा नपरेको स्वघोषणा, अख्तियारनामा सहित रितपूर्वकको गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरु :-**

१. बोलपत्र फारम सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समय भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालय, लालबन्दीबाट खरिद गर्न सकिने छ भने बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजे भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालय, लालबन्दी, लालबन्दी नगरपालिका, १७ नं. वडा कार्यालय, रानिगंज, लालबन्दी नगरपालिका, १ र २ को संयुक्त वडा कार्यालय, नेत्रगंज, सर्लाहीमा बोलपत्र दर्ता गर्न सकिनेछ | दर्ता हुन आएको बोलपत्रहरु ३१औं दिनमा दिनको २:०० बजे लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ | बोलपत्र फारामहरु खरिद, दर्ता र खोल्ने दिनहरुमा सार्बजनिक विदा परेमा सोको भोलिपल्ट सोही समय भित्र बोलपत्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ | बोलपत्र खरिद तथा पेश गर्न बोलपत्रदाता फर्मको प्रोपाइटर स्वयंम उपस्थित हुनुपर्नेछ | उक्त कार्य गर्न आफै उपस्थित हुन नसक्ने भएमा अधिकारिक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधी खटाउन सक्नेछ |

२. बोलपत्र फारम साथ धरौटी बापत कबोल अंकको (मू.अ. कर सहित) ५(पाँच) प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखामा रहेको धरौटी खाता नं. १२८०३०३००७१०२ मा रकम जम्मा गरेको अर्धकट्टीको सक्कल भौचर पेश गर्नु पर्नेछ|

३. खरिद गरेको बोलपत्र फरामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्र दातले प्रत्येक पानामा सहीछाप गरेर शिलबन्दी गरी खामको बाहिर पट्टि ठेक्का को नाम, ठेकेदारको नाम थर, ठेगाना, ठेक्का विवरण, सम्पर्क नम्बर र लालबन्दी नगर कार्यपालिकाको कार्यालय, लालबन्दी भनी प्रस्ट बुझ्ने गरी लेखु पर्नेछ | बोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरी प्रस्टसंग लेखु पर्ने छ | अंक र अक्षरमा फरक परेमा अक्षरसा लेखिएको लाई मान्यता दिइनेछ|

४. बोलपत्र दिंदा कुनै प्रकारको शर्त मान्य हुने छैन | साथै यस कार्यालयको छाप र कार्यालयको तर्फ बाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिईने छैन |

५. यस नगरका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाण सन्दर्भमा नदी जन्य निर्यात सामग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन एवम् नेपाल सरकारबाट जारी भएका निर्देशनहरु लालबन्दी नगरपालिकाको ढुंगा, गिट्टी, बालुवा उत्खनन् संकलन सम्बन्धि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग रहनेछ |

६. ठेक्का अवधि २०७७ जेठ मसान्तसम्म रहनेछ | स्वीकृत बोलपत्र दाताले आफुले कबोल गरेको कुल रकम बोलपत्र स्विकृत भएको मितिले १५(पन्ध्र) दिन भित्र कुनै छुट नहुने गरी ५० प्रतिशत नगद र बाँकी ५० प्रतिशतको ३(तिन) महिना म्याद भएको कार्यसम्पादन जमानत बुझाउनु पर्नेछ र सो को आधारमा सम्झौता गरि पट्टा उपलब्ध गराइनेछ । बोलपत्र दाताले कार्यसम्पादन जमानतको म्याद भित्र यस कार्यालयको खातामा जमानत बराबरको रकम दाखिला गरिसक्नु पर्नेछ । कुनै कारणले बोलपत्रदाताले बोलपत्र सम्झौता गर्न नसकेमा निजको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कार्वाही गरिनेछ।

७. ठेक्का अवधिको प्रचलित कानुन अनुसार बुझाउनु पर्ने आयकर लगायतको अन्य करहरु ठेकेदार स्वंयले व्यहोर्नु पर्नेछ र ठेक्का रकमबाट घटाउन पाइनेछैन |

८. कारोबार गर्दा बालश्रमको प्रयोग गर्ने र बातावरणमा प्रतिकूल असर पर्ने प्रबिधि अपनाउन पाइने छैन |

९. ठेकेरदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ | राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन |

१०.ढुंगा, बालुवा, गिट्टी र ग्राभेल उत्खनन् गर्दा पुल, कल्भर्ट, कजवे, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलको दायाँ बायाँ ५०० मिटरभित्र वन क्षेत्र र कुनै व्यक्तिको घर, जग्गा, कुलो, बाँध, सार्वजनिक स्थल आदिबाट निकाल्न पाइनेछैन ।

११. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१२. ठेकेदारले बन्द, हड्ताल र समय अभावको कारण देखाइ छुट तथा मिनाहा दाबी गरेमा कार्यालयले छुट दिने छैन ।

१३. नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालन गर्नु ठेकेदारकों कर्तब्य हुनेछ ।

१४. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । बिशेष अवस्थामा सुचनामा उलेखित शर्त र समय हेरफेर गर्न सकिने छ ।

१५. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१६. सूचना सम्बन्धी बिस्तृत विवरण यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेवसाइट www.lalbandimun.gov.np मा समेत हेर्न सकिने छ । यस सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालयको समयभित्र सम्पर्क राख्न सकिने छ ।

| क्र. सं. | ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् स्थान | उत्खनन् बस्तु | कुल उत्खनन् परिमाण (घ.फि.) | न्युनतम अकं ठेक्का रकम (भ्याट सहित) | न्युनतम धरौटी रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | NCB-02-2076 /077 | लखन्देही खोलाको नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्री वितरण | स्याङतान टोल<br>डब्काली टोल | ढुंगा, गिट्टी, ग्राभेल र बालुवा | १०,२६,१६७.५ | रु.४०,००,०००।- (चालिस लाख) | कबोल अंकको ५% | रु.३०००।- |
| २ | NCB-03-2076 /077 | फुलजोड खोलाको नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खनन् संकलन तथा बिक्री वितरण | क्षेत्र - १, ढाडा टोल नाका<br>क्षेत्र - २, प्रताप टोल नाका<br>क्षेत्र - ३, फुल्जोर र कालिन्जोर दोभान | ढुंगा, गिट्टी, ग्राभेल र बालुवा | १०,२६,१६७.५ | रु.४०,००,०००।- (चालिस लाख) | कबोल अंकको ५% | रु.३०००।- |

प्रमुख प्रशासकीय अधिकृत